# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः२ मितिः२०८२/०१/०४

## भाग-२

## लेटाङ नगरपालिका

# नगर पशु अस्पताल सञ्चालन कार्यविधि, २०८१

# नगर पशु अस्पताल सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१२।२६

प्रमाणीकरण मितिः २०८१।१२।२६

**प्रस्तावनाः**

लेटाङ नगरपालिका क्षेत्र भित्र पशुपंक्षी स्वास्थ्य सेवाबाट कुनै पनि किसानको पशुपंक्षीहरू बञ्चित हुने अवस्था आउन नदिन उपलव्ध श्रोत र साधनको समुचित प्रयोग गर्दै पशु स्वास्थ्य सेवाहरूलाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन नगरपालिकामा नगर पशु अस्पताल स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न कार्यविधि आवश्यक भएकोले नगर कार्यपालिकाले लेटाङ नगरपालकिाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी **नगर पशु अस्पताल सञ्चालन कार्यविधि, २०८१** स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षित नाम र प्रारम्भः**

क) यो कर्यविधिको नाम “नगर पशु अस्पताल सञ्चालन कार्यविधि, २०८१” रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२.परिभाषाः**

१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “अध्यक्ष” भन्नाले पशु अस्पताल संचालक तथा व्यवस्थापन समीतिको अध्यक्ष सम्झनु पर्छ।

ख) “उपप्रमुख” भन्नाले लेटाङ नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ।

ग) “कार्यपालिका”भन्नाले लेटाङ नगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्छ।

घ) “कार्यविधि” भन्नाले नगर पशु अस्पताल सञ्चालन कार्यविधि, २०८१ सम्झनु पर्छ।

ङ) "नगर पशु अस्पताल" भन्नाले लेटाङ नगर पालिकाले संचालन गरेको नगर पशु अस्पताललाई सम्झनु पर्छ।

च) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्छ।

छ) "पदाधिकारी" भन्नाले अस्पताल व्यवस्थापन समिति अध्यक्ष र सदस्य लगायतका पदाधिकारी सम्झनु पर्छ।

ज) "पशु अस्पताल प्रमुख" भन्नाले अस्पतालको प्रशासकीय काम समेत गर्न तोकिएको प्रविधिक कर्मचारीलाई सम्झनु पर्दछ।

झ) "पशु अस्पताल" भन्नाले लेटाङ नगरपालिकाको पशु स्वास्थ्य सम्बन्धी सेवा दिन सञ्चालित नगर पशु अस्पताललाई सम्झनु पर्दछ।

ञ) "प्रमुख" भन्नाले लेटाङ नगरपालिककाको नगर प्रमुखलाई सम्झनु पर्छ।

ट) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले लेटांग नगरपालीकाको प्रमुख प्रशासकिय अधिकृत सम्म्कनु पर्दछ।

ठ) "प्राविधिक" भन्नाले पशु उपचार, कृतिम गर्भाधान, सल्यकृया, खोप, आाहारा तथा फिल्ड सेवा प्रदान गर्न कम्तिमा भेटेरीनरी जे.टी ए वा सो भन्दा माथि योग्यता हासिल गरेको दर्तावाला पशु चिकीत्सकलाई सम्झनु पर्दछ।

ड) "फार्मेसी" भन्नाले पशु अस्पतालमा सञ्चालित भेटेरीनरी औषधि र सामग्री उपलव्ध गराउने फार्मेसी र निजी क्षेत्रले अनुमति लिएर सञ्चालनमा रहेको सोही प्रकृतिको फार्मेसीलाई सम्झनु पर्छ।

ढ) "शाखा" भन्नाले लेटाङ नगरपालिकाको पशुपंक्षी सम्बन्धी काम गर्न तोकिएको शाखा सम्झनु पर्दछ।

ण) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिवको काम गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

त) "समिति" भन्नाले लेटाङ नगरपालिकाको पशु अस्पताल सञ्चालन तथा व्यवस्थापन समीति लाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## पशु अस्पताल तथा फार्मेसी सञ्चालन

**३. पशु अस्पताल सञ्चालनः**

१) नगरपालिकाले नगरको सबै वडा र पशु कृषकको लागि उपयुक्त स्थानमा नगर स्तरीय पशु रोग निदान, उपचार, न्यूनीकरण, रोकथाम र पशु स्वास्थ्य सेवा विकासका प्रमुख सेवा केन्द्रको रूपमा नगर पशु अस्पतालको स्थापना र सञ्चालन गर्ने छ।

२) पशु अस्पताल स्थापना र सञ्चालनका मापदण्ड नेपाल सरकारले तोकेको अवस्थामा सोही अनुसार नतोकेको हकमा यसै कार्यविधि अनुसार हुनेछ।

३) पशु अस्पताल नगरपालिकाले तोकेको स्थानमा स्थापना र सञ्चालन हुनेछ।

४) पशु अस्पताल सञ्चालनका लागि नगरपालिकाले औषधि, जनशक्ती र अन्य व्यवस्थापकीय काममा सहयोग अनुदान दिनेछ।

**४. फार्मेसी सञ्चालनः**

१) नगरपालिकाले पशु अस्पतालमा पशु औषधि उपलव्धताका लागि पशु औषधिको फार्मेसी सञ्चालन गर्न सक्नेछ। फार्मेसी सञ्चालन गर्न आवश्यक मापदण्ड अनिवार्य पूरा गर्नुपर्नेछ।

२) नगरको कुनै भागमा निजी क्षेत्रबाट समेत फार्मेसी सञ्चालन गर्न सक्नेछ। तर मापदण्ड पूरा गरी सम्बन्धित निकायबाट स्वीकृती लिएको हुनु पर्नेछ। यसको नियमन र अनुगमन नगरपालिका, नगर अस्पतालले गर्नुपर्नेछ। मापदण्ड पूरा नभएका जुनसुकै फार्मेसी तत्काल बन्द गरी सञ्चालन गर्ने प्राविधिकलाई समेत कालोसूचीमा राखी कार्वाही गर्नुपर्नेछ।

३) यस दफा अनुसार सञ्चालन गरिने पशु अस्पताल विकास, औषधि उपकरण र सेवा गुणस्तरका लागि नगरपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-३

## समितिको गठन तथा सञ्चालन

**५.समितिको गठनः**

१) पशु अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ। समितिको काम कर्तव्य कार्यविधिमा तोकिएबमोजिम हुनेछ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक विकास समिति संयोजक - सदस्य

ङ) अस्पताल रहेको वडाको वडा अध्यक्ष - सदस्य

च) नगरपालिकाको पशु शाखा प्रमुख - सदस्य

छ) अगुवा कृषक वा किसान महासंघको प्रमुख - सदस्य

ज) समितिले तोकेको पशु कृषक मध्ये समितिले मनोनित गरेको एक जना - सदस्य

झ) पशु अस्पताल प्रमुख - सदस्य सचिव

२) समितिले आवश्यक्ता अनुसार पशु स्वास्थ्य र कृषि क्षेत्रका प्राविधिक जनप्रतिनिधि तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

३) बैठकको कार्यविधि समिति आफैले तोकेबमोजिम हुनेछ।

**६. समिति सदस्यको पदावधिः**

समितिमा मनोनित पदाधिकारीको पदावधि मनोनित भएको मितिले ५ वर्षको हुनेछ। तर पदाधिकारीको पदावधि बाँकी रहदै स्थानीय तहको नयाँ निर्वाचन सम्पन्न भएमा निजको पदावधि स्वत समाप्त भएको मानिनेछ।

**७. पदावधि तथा पद रिक्त हुने अवस्थाः**

१) निम्न अवस्थामा मनोनित सदस्यहरूको पद रिक्त हुनेछ।

क) राजिनामा दिएमा

ख) बिना सूचना ५ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा

ग) फौजदारी अभियोग प्रमाणित भएमा

घ) नगर भेटेरीनरी अस्पताल को अहित हुने काम गरेको प्रमाणित भई समितिले पदबाट हटाएमा र

ङ) मृत्यु भएमा

**८. समितिको काम कर्तव्य र अधिकारः**

१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) नेपाल सरकार बाट जारी गरएिको आधारभूत पशु स्वास्थ्य सेवा प्रवाह र न्युनतम सेवा मापदण्ड कार्यन्वयनको सुनिश्तता गराउने।

ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवम् दिगो सेवा प्रवाह गराउने

ग) पशुपालन, पशु उपचार, पशु रोग तथा महामारी नियन्त्रण, जुनोसीस रोग नियन्त्रण

घ) पशु पोषण तथा आहारा व्यवस्थापन,

ङ) नगर र नेपाल सरकारको नीति अनुसार पशु विकासको तथा आवधिक कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्ने गराउने,

च) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवस्यक स्रोत साधन जुटाउने,

छ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समिक्षा गरी सेवाको निरनतर रुपमा गुणस्तर अविवृिद्ध गर्ने,

ज) पशु स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धि राष्ट्रिय मापदण्ड कार्यन्वयको सूनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने,

झ) अस्पतालमा कार्यरत जनशक्तिको उपलव्धता क्षमता विकास एवं वृति विकास तालिम फिल्ड सेवा वापतको ईन्सेन्टिभ को लागि आवश्यक कार्य गर्ने,अस्पतालको आवश्यक जनशक्तिको सेवा शर्त पारीश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने,

ञ) सर्वसुलभ र गुणस्तरीय पशु उपचार सेवा, खोप सेवा, पशु पोषण सेवा, पशु स्वास्थ्य शिविर, फिल्ड सेवाको पहुँच र उपलव्धता सुनिश्वत गराउनका लागि आवश्यक मानव श्रोत व्यवस्थापन सम्बन्धि कार्य गर्ने,

ट) पशु स्वास्थ्य सेवा को पहुँचबाट वञ्चित स्थानीय समुदायलाई सेवाको पहुँच बढाउन वडाको विभिन्न स्थानहरूमा घुम्ति पशु उपचार सेवा संचालन गर्ने,

ठ) कृषक स्तरीय तालिम, जुनोसिस रोग विरुद्ध स्कुल सिक्षा कार्यक्रम संचालन गर्ने र पशु क्षेत्रको अनुगमन गर्ने,

ड) पशु नस्ल सुधारको लागि कृतिम गर्भाधान सेवा, सामुदायिक कुकुर नियन्त्रण तथा रेविज खोप कार्यक्रम संचालन गर्ने, आकस्मिक रोग नियन्त्रण सेवा संचालन गर्ने,

ढ) अति विपन्न तथा पिछाडीएका वर्गहरूको लागि सहुलियत पुर्ण पशु उपचार सेवाको पहुँच बढाउने,

ण) अस्पतालको भौतिक सम्पतिको एकीन तथ्याकं अध्यावधिक गर्न एवं सम्पतिको संरक्षण मर्मत संभार र व्यवस्थापन गर्ने,

त) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने,

थ) भौगोलिक कार्यक्षेत्र भित्रको पशु स्वास्थ्य समस्या र आवश्यक्ताको विश्लेषण गरी योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्ने,

द) पशुपंक्षीको स्वास्थ्य सेवामा सुशासन, जन सहभागीता र सामाजिक जवाफदेहीता सुनिश्चित गर्न सहयोग तथा सहजीकरण गर्ने,

ध) प्रगतिमूलक उत्पादनमुखी पशुपालन व्यवसाय, नस्ल सुधार, वातावरणमुखी पशुपंक्षी पालन ह्याचरी मिटमार्ट, एग्रोभेट,वधशाला, प्राइभेट प्राविधिकहरूको अनुगमन र समन्वय गर्ने,

न) नियमित समीक्षा गरी समस्या समाधानका लागि नगरपालिका तथा अन्य निकायसँग समन्वय गर्ने।

प) पशु अस्पतालले लिने सेवा शुल्क निर्धारणको लागि कार्यपालिकालाई सिफारीस गर्ने।

फ) पशु अस्पतालको विकासको लागि नगरपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमहरूको कार्यानयन गर्ने गराउने।

ब) अस्पतालले सञ्चालन गर्दै आएका विभिन्न सेवा प्रवाहको क्रममा आएका गुनासो तथा दुर्घटनाहरूको उचित सम्बोधन र व्यवस्थापन गर्ने।

भ) नेपालको सम्विधान, स्थानीय सरकार संचालन ऐन, पशु वधशाला तथा मासु जाँच ऐन तथा नियमावलि, पशु स्वास्थ्य तथा सेवा ऐन, पशु चिकितसा परिषद ऐन, जलचर संरक्षण ऐन,खाद्य ऐन, बर्ड फ्लु नियल्त्रण नियामाबलि, कृषि व्यवसाय प्रर्वधन नीति, दूग्ध विकास नीति, पन्छीपालन नीति, खर्क नीति, वन नीति, राष्ट्रिय सिमसार नीति, राष्ट्रिय भु उपयोग नीति, सावृजानिक नीति साझदारी नीति,, सावृजानिक निजि साझेदारी नीति, राष्ट्रिय खाध्य स्वच्छता नीति, वन नीति,एक स्वास्थ्य रणनीति, राष्ट्रिय दुग्ध विकास नीति, राष्ट्रिय दुग्ध विकास नीति, राष्ट्रिय पशु प्रजनन नीति, राष्ट्रिय पशु स्वास्थ नीति, सहकारी ऐन, खाध अधिकार तथा खाध सम्प्रभुता सम्बन्धि ऐन, खाद्य नियामावली, दाना पदार्थ नियामावली,

बालि तथा पशुपन्छि बीमा निर्देशन, तथा लेटाङ नगरपालिकाको कार्यविधि अनुसार समन्वय तथा सहयोग गर्ने।

म) संघ, प्रदेश र स्थानिय, सरकारले चलाएका पशुपंक्षी र मत्स्य सम्बन्धि कार्यक्रम तथा अभियान हरूको सहजीकरण गर्ने।

य) नगरपालिकाले ताके बमोजिम अन्य कार्य गर्ने।

**९. समितिको बैठक र सञ्चालन विधिः**

१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुई महिनाको एक पटक बैठक बोलाउनु पर्नेछ तर आवश्यक्ता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ।

२) समितिका सदस्यहरूको बहुमतको उपस्थिति भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

३) समितिको निर्णय उपस्थित बहुमतको सदस्यहरूको बहुमतबाट हुनेछ। कुनै बिषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन। तर आमन्त्रिण सदस्यले मतदानमा भाग लिन पागने छैनन।

४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुउपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक वस्नेछ।

५) बैठकको निर्णय सदस्य सचिवले प्रमाण्ति गर्नेछ।

६) व्यवस्थापन स्मितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आर्फले,निर्धारण गर्नेछ।

## परिच्छेद-४

## कोष सञ्चालन तथा लेखा परीक्षण

**१०. पशु अस्पतालको कोषः**

१) नगर पशु अस्पताल सञ्चालन तथा व्यवस्थापन संचालन समितिको नाममा छुट्टै कोष रहनेछ।

२) उपदफा (१) बमोजिम कोषमा देहायका रकमहरू जम्मा हुनेछन्। भेटेरीनरी अस्पतालको सञ्चालन र व्यवस्थापनमा कोषको प्रयोग गरिनेछ।

क) नेपाल सरकार तथा प्रदेश सरर्कार बाट प्राप्त अनुदान रकम,

ख) नगरपालिका बाट प्राप्त अनुदान रकम,

ग) अस्पतालको आम्दानीबाट प्राप्त अनुदान रकम,

घ) कुनै व्यात्ति, स्वदेशी विदेशि दाता, गुठी वा संस्थाबाट प्राप्त रकम,

ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम,

च) अस्पतालले संचालन गरेको सेवाबाट प्राप्त रकम,

छ) नेपाल सरकारको कानुन अनुसार प्राप्त वैदेशिक वा संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग रकम,

ज) अन्य श्रोतबाट प्राप्त रकम।

३) उपनियम २ को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडी प्रचलित कानुन बमोजिम पूर्व स्वीकृती अनिवार्य रहने छ।

४) पशु अस्पताललाई प्राप्त हुने सबै प्रकारका अम्दानि उपदफा (१) बमोजिमको कोषमा जम्मा गर्नु पर्दछ।

५) अस्पताल व्यवस्थापन समिकिो तर्फबाट गरिने सम्पुर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ।

६) समितिले अस्पतालको नियमित सेवा प्रवाह पशुपालन तथा पशु स्वास्थ्य सेवाका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकुल नहुने कुराको सुनिश्चित गरी आन्तरिक श्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पतिको सदुपयोग गर्न सक्नेछ।

**११. कोष तथा खाता संचालनः**

१) व्यवस्थापन समिति र अस्पतालको आय व्यय दुरुस्त राख्न समितिले निर्णय गरी तोकीएका कर्मचारी र पशु अस्पताल प्रमुखकोे संयुक्त दस्तखतबाट पशुअस्पतालको खाता संचालन हुनेछ।

२) पशु अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

३) कोषको खाता राष्ट्रिय वाणिज्य बैकमा रहनेछ।

४) पशु अस्पतालको आर्थिक कारोबारको उतरदायित्व र जवाफदेहीता आर्थिक कारोवारको समिति पदाधिकारी र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

५) अस्पतालको आम्दानि र खर्चको अभिलेख आम्दानि र खर्च सम्बन्धि कार्यविध लेखाको अभिलेखको सिदान्त, आर्थिक विवरण तयारी सम्पतिको अभिलेख तथा जिन्सी व्यवस्थापन,व्याय तथा सम्पतिको विवरण तयारी नेपाल सरकारको प्रचलित सिद्धान्त बमोजिम हुनेछ।

६) पशु अस्पतालको आर्थिक कारोबार नेपाल सरकार, प्रदेश सरकार स्थानीय कानुन प्रचलित कानुनबमोजिम हुनेछ।

**१२. लेखा परीक्षणः**

१) भेटेरीनरी अस्पताल व्यवस्थापन समितिले अस्पतालको आय व्यायको आन्तरीक नियन्त्रण प्रणाली प्रचलित कानून अनुसार कायम गर्नपर्नेछ।

२) अस्पतालको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरीक लेखा परिक्षण शाखाबाट हुनेछ।

३) अस्पतालको अन्तिम लेखा परीक्षण नगरपालिकाको श्रेष्ता सँगै माहालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

**१३. बैठक भत्ताः**

१) समितिका सदस्यहरूको बैठक भत्ता तथा बैठक सम्बन्धि व्यवस्था नगरपालिकाको आर्थिक नियमावलि वा खर्च मापदण्ड बमोजिम हुनेछ।

**१४. सेवा शुल्क सम्बन्धि व्यबस्थाः**

१) अस्पतालबाट प्रदान गरिने सेवाको आवस्यक शुल्क समितिको सिफारीसमा नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ। तर निःशुल्क दिने सेवाहरू नगर कार्यपालिकाले तोक्न सक्नेछ।

## परिच्छेद-५

## जनशक्ति औषधि तथा उपकरण को व्यवस्थापन

**१५. कर्मचारी व्यवस्थापनः**

१) पशु अस्पतालमा कर्मचारीको दरवन्दी संख्या, पद तथा संगठन संरचना नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२) अन्य जनशक्तिको लागि विभिन्न शैक्षिक संस्थाबाट ईन्टर्नसिप तथा ओ.जे.टी का विध्यार्थीहरू हुनेछन

३) कर्मचारी तथा पशु स्वास्थ्य कर्मी(प्राविधिक)हरूको सेवा सुविधा, कर्मचारी तथा पशु स्वास्थ्य कर्मी (प्राविधिक) हरूले फिल्ड भत्ता, तालिम भत्ताा भ्रमण गरेको अवधिको दैनिक भ्रमण भत्ता, ईन्धन सुविधा, सवारी मर्मत खर्च, ओभर टाईम प्रोत्साहानहरू लेटाङ नगरपालिका तथा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**१६. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः**

१) अस्पताल व्यवस्थापन समितिको निर्णय, नेपाल सरकार र लेटाङ नगरपालिकाबाट जारी गरिएको आधारभुत पशु स्वास्थ्य सेवा, विषेज्ञ पशु स्वास्थ्य सेवा, घुम्ति तथा फिल्ड सेवा, खोप सेवा, तालिम, प्रयोगशाला सेवा लगायत पशु कृषक सहयोग कार्यक्रम सञ्चालन गर्ने,

२) अस्पताल सञ्चालनको लागि सरकारी तथा गैर सर्कारी संस्था संग समन्वय गर्ने,

३) अस्पताल सञ्चालनको लागि वार्षिक बजेट, कार्यृक्रम तथार गरी कार्यपालिकामा पेश गर्ने,

४) अस्पतालको गुणस्तर तथा अस्पताल द्धारा संचालन हुने विभिन्न सेवाको गुणस्तर बद्धि गर्न, अस्पताल व्यवस्थापन समिति संग आवस्यक समन्वय गर्ने,

५) अस्पताल व्यवस्थापन समितिले तोके बमोजिम कार्य गर्ने,

६) जिन्सी सामानको संरक्षण र व्यवस्थापन लगायत अन्य कार्यका लागि कर्मचारीको जिम्मेवारी तोकी काममा लगाउने।

**१७. स्टोर तथा जिन्सि प्रमुखको काम कर्तव्यः**

१) पशु अस्पतालको दैनिक सेवा साथै अस्पतालबाट संचालन हुने विभिन्न सेवाहरूमा आवश्यक जिन्सि सामानको प्रवन्ध गर्ने, सोका लागि समन्वय गर्ने।

२) व्यवस्थापन समितिको निर्णय निर्देशन कार्यन्वयन गर्ने कार्यमा सहयोग गर्ने।

३) जिन्सी सामान व्यवस्थापन गर्न प्रचलित स्वीकृत प्रणालीको उपयोग गर्न्ने।

४) अस्पताल प्रमुख र समितिको निर्णय कार्यान्वयन गर्ने।

**१८. औषधि र उपकरण व्यवस्थापनः**

१) पशु स्वास्थ्य र उपचारमा आवश्यक औषधि नगरपालिकाबाट निःशुल्क वितरण गर्ने र अस्पतालले अत्यावश्यक ठानेका औषधिको व्यवस्थापन हुनेछ। औषधि व्यवस्थापनका लागि फार्मेसी व्यवस्थापन गर्न सक्नेछ। तर निःशुल्क वितरण हुने औषधि अस्पतालको

फार्मेसिबाट विक्रि गर्न पाइने छैन। आवस्यक औसधि तथा उपकरणको व्यवस्थापन गर्न समितिले अस्पतालको स्रोत र नगरपालिकाले व्यवस्थापन गरेको स्रोत प्रयोग गर्न सक्नेछ।

२) अस्पतालले बार्षिक रुपमा आवस्यक पर्ने ओषधि तथा उपकरण साधनको अनुमान गरी वार्षिक खरिद योजना बनाई नगरपालिकामा पेश गरी कार्यान्वयन गर्नु पर्न्नेपर्ने छ।

३) अस्पतालले निःशुल्क उपलव्ध गराउने र अन्य सेवा सञ्चालनमा आवश्यक औषधि नियमित रूपमा उपलव्धताको व्यवस्था गर्नु पर्नेछ।

४) अस्पतालले अस्पतालमा पशु स्वास्थ्य शाखाको समन्वयमा पशुपालन कृषक र पशुको अभिलेख अध्यावधिक गनुपर्नेछ। साथै रोग नियन्त्रणात्मक, निदानात्मक, उपचारात्मक, सिफारिस र अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।

५) पशु पंक्षी आहार र स्वास्थ्यमा आवश्यक औषधि, विउ विजनहरूको गुणस्तर कायम गर्न र नष्ट हुनबाट बचाउन नेपाल सरकारले तोकको मापदण्ड र विकसित मापदण्डको कार्यान्वयनमा ल्याउनुपर्ने छ।

**१९. पशु अस्पताल फार्मेसि सञ्चालन गर्नेः**

१) निःशुल्क औषधि र घाँसको विउ व्यवस्थापन गर्न तथा वितरण गर्न अस्पताले आफ्नै पशु अस्पताल फार्मेसि सञ्चालन गर्न सक्नेछ।

२) फार्मेसि मार्फत औसधिको विक्री वितरण औषधिको व्यवस्थापन नगरपालिकाको समन्वयमा अस्पतालले गर्नेछ।

**२०. प्रयोगशाला व्यवस्थापनः**

१) पशु पक्षींमा लाग्ने रोगको निदान गर्न अस्पतालले आफ्नै पैयोगशाला संचालन गर्न सक्नेछ।

२) घूम्ति पशु उपचार सेवा र पशु स्वास्थ्य शिविर कार्यक्रमको लागि घूम्ति प्रयोशाला सेवा संचालन गर्नेछ।

३) अस्पतालले प्रयोगशाला सञ्चालनमा आवश्यक पर्ने जनशक्ती र उपकरणको व्यवस्थापन गर्नुपर्नेछ।

**२१. भेटेरीनरी एम्बुलेन्स संचालनः**

१) पशु उपचार सेवालाई उत्कृष्टता प्रदान गर्नकालागि भेटेरीनरी एम्बुलेन्स संचालन गर्न सक्नेछ।

२) भेटेरीनरी एम्बुलेन्सको खरिद, प्राप्ति तथा संचालन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**२२. आकस्मिक पशु स्वास्थ्य सेवा व्यवस्थापनः**

१) अस्पतालले नेपाल सरकार र नगरपालिकाको नियम अनुसार आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ।

२) अस्पतालमा संभव उपचार तत्काल गनुपर्नेछ र यदी अस्पतालमा सम्भव नभएमा फिल्डमा खटिएर उपचार गर्नुपर्नेछ।

३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वस्थ्य सेवाको विवरण गर्ने पशु स्वास्थ्यकर्मीको जिम्मेवारी तोक्नुपर्ने छ।

(४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशूल्क उपलब्ध गराउनु पर्नेछ र आधारभुत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन किसान स्वयमले गर्नुपर्ने छ।

(५) अस्पतालमा प्रदान गरीने आकस्मिक उपचार सेवावाट कुनैपनि किसानको पशुपक्षीलाई वञ्चित गरिनेछैन। नगरपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्नेगरी आकस्मिक सेवा उपलब्ध गराउनु सक्नेछ।

**२३. सेवा व्यवस्थापनः**

(१) अस्पतालको सेवा प्रवाह गर्न प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहहरू, इमेजिङ कक्ष, सल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष,

लेटाङ नगरपालिका, मोरङ

प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

(२) अस्पतालले बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरू र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ। साथै खोप सेवा, पशु पोसण तथा आहारा सेवा, फिल्ड सेवा, पशु स्वास्थ्य शिविर, घुम्ति पशु उपचार सेवा, फार्म अवलोकन आदी सेवा को व्यवस्थापन मिलागने छ।

(३) अस्पतालले प्रदानगर्ने विशेषज्ञ चिकित्सक वा अन्य प्राविधिक उपलब्ध समय तालिका (दिन र बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नेछ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएकोविशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ तथा प्राविधिक बाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ।

(५) बिरामी पशु वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने

(६) अस्पतालमा विश्व पशु स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ।

(७) सेवाप्रदायक चिकित्सक तथा पशु स्वास्थ्यकर्मीहहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ। ।

(८) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनुपर्नेछ। शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र सावुन उपलब्धता गराउनुपर्नेछ।

(९) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलगअलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(१०) अस्पताल परिसर तथा सेवा दिने कक्षहहरू नियमित रुपमा सफासुग्घर राख्नुपर्नेछ।

(११) अस्पतालमा प्रयोगहुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ।

(१२) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलगअलग ठाउँसहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ।

(१३) अस्पताल क्षेत्रभित्र र सबै बिभागहहरूमा चौबिसैघण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ।

(१४) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा सोको प्रतिवेदन नियमित हरूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ।

(१५) अस्पतालले प्रयोगगर्ने उपकरण तथा औजारहरू समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अबधिअनुसार मर्मतसम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ।

(१६) अस्पतालको भवन, सवारीसाधन, मेसिनरी औजार, यन्त्र, उपकरण, बिद्युतीय उपकरण र अन्य बिद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने ब्यबस्था हुनुपर्नेछ।

(१७) अस्पतालको वार्ड तथा अन्य उपचार दिनेस्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ।

(१८) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारण मा कम्तीमा एकमहिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ।

(१९) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू गुणस्तरीय रुपमा संचालन गर्न समितिले छुट्टै निर्णय गर्न सक्नेछ।

(२०) अस्पतालको सेवा तथा फिल्ड सेवा किसानमैत्री हुनुपर्नेछ। साथै अस्पतालमा धा फिल्डमा पोर्टेबल अल्ट्रा साउण्ड, ट्रेभिज, ईस्क्विजिङ र्याक,ईसिजि मेसीन, लगायत पशु पउचारमा लाग्ने सम्पुर्ण सामाग्रीहहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(२१) पशु स्वास्थ्य सेवा संचालन र पुर्वाधार सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

## परिच्छेद-६

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**२४. पशु अस्पताल सूचना प्रणालीः**

(१) पशु अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(२) पशु अस्पतालले पशु स्वास्थ्य सेवा र विभिन्न सेवा सम्वन्धी सूचना नगरपालिका, प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ।

(३) किसानले पशु चौपायाको लागि संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि खुलाएको अनुसूची १ नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोहीअनुहरूप सेवाहरू सुनिश्चितता गर्नुपर्नेछ।

(४) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवा का टेलिफोन नम्बरहरू स्पष्ट देखिनेगरी राख्नुपर्नेछ।

(५) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ।

(६) अस्पतालले प्रदान गर्ने पशु स्वास्थ्य सेवा तथा विभिन्न सेवाको वारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियनान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ।

लेटाङ नगरपालिका मोरङ

**२५. गुनासो व्यवस्थापनः**

(१) अस्पतालले सबैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्तानियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) अस्पतालले पशु स्वास्थ्य तथा अन्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ।

## परिच्छेद-७

## विविध

**२६. अस्पतालको छापः**

१) अस्पतालको सम्पूर्ण कामकारबाहीको नगरपालकि र कार्यपालिका अन्तरगत लेटाङ पशु अस्पताल रहेकव् एउटा छुट्टै छाप हुनेछ।

**२७. अस्पतालको संगठन संरचनाः**

१) अस्पतालको आफ्नै सङ्गठन संरचना प्रचलित कानून बमोजिम नगरपालिकाले निर्धारण गर्नेछ।

**२८. साझेदारी गर्न सक्नेः**

१) अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको कार्य सम्पादन गर्न नगरपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम समुदायिक, सरकारी, निजी तथा गैरसरकारी क्षेत्रसँग साझेदारीमा गर्न सक्नेछ।

**२९. वार्षिक प्रतिवेदन पेश गर्नेः**

१) अस्पतालको वार्षिक प्रगति समितिमार्फत आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

**३०. निर्देशन पालना गर्नुपर्नेः**

१) कार्यपालिकाले दिएका निर्देशनहरूको पालना गर्नु समितिको कर्तव्य छ।

लेटाङ नगरपालिका, मोरङ

**३१. नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुनेः**

१) नगरपालिकाको स्वीकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्न पाउनेछैन।

**३२. अधिकार प्रत्यायोजन गर्न सक्नेः**

१) समितिले आफूलाई प्राप्त अधिकारहहरूमध्ये आवश्यकता अनुसार अध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३३. कार्यविधिको पालना गर्नुपर्नेः**

१) नगरपालिका भित्रका सम्पूर्ण पशु स्वास्थ्य संस्था तथा यस क्षेत्र संग सम्बन्धित सरोकारवालाहरूले पालना गर्नुपर्ने छ।

**३४. दण्ड सजायको प्रयोग गर्ने अधिकारः**

१) यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयन नगर्ने वा उल्लंघन भएमा नगर कार्यपालिकाले तोकेबमोजिम सजाय हुने छ। दण्ड सजायको कार्यविधि नगर कार्यपालिकाले तोकेबमोजिम हुने छ।

**३५. प्रचलित कानून बमोजिम हुनेः**

१) यस कार्यविधिमा उल्लेख भएका विषयहहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहहरू प्रचलित कानून बमोजिम हुनेछ।

**३६. संशोधनः**

१) यस कार्यविधिमा उल्लेख भएका विषयहहरूको संसोधन गर्नु परेमा कार्यपालिकाबाट संसोधन हुनेछ।

**३७. खारेजी र बचाउः**

१) कार्यविधिमा भएका व्यवस्थाहरू संघीय कानुसँघ बाझिएमा त्यसरी बाझिएको हदसम्मको संघीय कानुन बमोजिम हुनेछ। यस अघि भए गरेका कामहरू यसै कार्यविधि अनुसार भएको मानिने छ।

## अनुसूची - १

पशु अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा

| सि.नं | शाखा/वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

यसमा थप गर्नुपर्ने विषय भए समितिले निर्णय गरी थप गर्नुपर्नेछ।

## अनुसूची - २

भर्ना तथा डिस्चार्ज साराशं ढाँचा पशु अस्पतालले तोकेअनुसार हुनेछ।

## अनुसूची - ३

पशु अस्पतालको छापः

१. छापको नमुनाः नेपाल सरकारको लोगो, लेटाङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पशु अस्पताल नाम र लेटाङ मोरङ रहेको लोगो हुनेछ।

२. छापको आकारः नेपाल सरकारको प्रचलित कानून वमोजिम हुनेछ।

**आज्ञाले,**
**विष्णुप्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८२।०१।०४**

लेटाङ नगरपालिका, मोरङ